आज मिति २०८० कार्तिक २२ गते बुधबारका दिन बागचौर नगरपालिका सल्यानका नगर प्रमुख श्री जनकराज गौतमज्यूको अध्यक्षतामा नगर कार्यपालिकाको बैठक बस्यो । बैठकको उपस्थिति र निर्णय देहाय बमोजिम छ :-

उपस्थिति

| | |
|---|---|
| श्री जनकराज गौतम | नगर प्रमुख |
| श्री सुप्रिमा डि.सि. वली | उप-प्रमुख |
| श्री गंगाराम बस्नेत | १ नं. वडा अध्यक्ष |
| श्री दिपेश डि.सी | २ नं. वडा अध्यक्ष |
| श्री भीम प्रकाश भण्डारी | ३ नं. वडा अध्यक्ष |
| श्री कृष्ण बहादुर बस्नेत | ४ नं. वडा अध्यक्ष |
| श्री जोगेन्द्र वली | ५ नं. वडा अध्यक्ष |
| श्री ज्ञान बहादुर वली | ६ नं. वडा अध्यक्ष |
| श्री प्रेम बहादुर डि.सी. | ७ नं. वडा अध्यक्ष |
| श्री शुसिल जंग चन्द | ८ नं. वडा अध्यक्ष |
| श्री यज्ञ बहादुर डाँगी | ९ नं. वडा अध्यक्ष |
| श्री ज्ञान प्रसास शर्मा धिताल | १० नं. वडा अध्यक्ष |
| श्री केश बहादुर भण्डारी | ११ नं. वडा अध्यक्ष |
| श्री टीकाराम वली | १२ नं. वडा अध्यक्ष |
| श्री रोजी बुढाथोकी | कार्यपालिका सदस्य |
| श्री ढाँका कुमारी वली डि.सी. | कार्यपालिका सदस्य |
| श्री रीता दमाई | कार्यपालिका सदस्य |
| श्री सीता शर्मा | कार्यपालिका सदस्य |
| श्री रेखा कुमारी डाँगी खत्री | कार्यपालिका सदस्य |
| श्री दिपक बि.क. | कार्यपालिका सदस्य |
| श्री रेशम बि.क. | कार्यपालिका सदस्य |
| श्री टिकाराम बि.क. | कार्यपालिका सदस्य |
| श्री अनन्त कुमार गौतम | प्रमुख प्रशासकीय अधिकृत सदस्य सचिव |

आमन्त्रित

| | |
|---|---|
| श्री तिर्थराज डाँगी | सूचना प्रविधि अधिकृत |
| श्री कल्पना डांगी | का.पा. वडा सहायक |

## कार्यपालिका बैठक नं. २०  मिति २०८०।०७।२२ ( आ.व. २०८०।०८१)

**प्रस्तावहरुः**

१) जाजरकोट केन्द्र विन्दु भई आएको भुकम्पका कारण क्षती पुऱ्याएको घरपरिवारहरुलाई राहत व्यवस्थापन सम्बन्धमा ।
२) जिल्ला विपद् व्यवस्थापन समितिको निर्णय अनुमोदन सम्बन्धमा ।
३) आर्थिक सहायता सम्बन्धमा ।
४) वडा नं. ९ कार्यालय भवन सम्बन्धमा ।
५) अस्थायी प्रहरी पोष्ट बाँफुखोला मर्मत सम्भार भुक्तानी सम्बन्धामा ।
६) घ वर्गको ईजाजत पत्र प्रदान गर्ने सम्बन्धमा।
७) गत वर्ष भुक्तानी हुन बाँकी
८) विविध

**निर्णयहरु**

**निर्णय नं. १ः** मिति २०८०।०७।१७ गते जाजरकोट जिल्लाको बारेकोट गाउँपालिका वडा नं. १ रामेडाँडालाई केन्द्र बिन्दु बनाई गएको भुकम्पका कारण यस बागचौर नगरपालिकामा तपसिल बमोजिमका घरहरुमा क्षति हुन गएकोले यथाशिघ्र उक्त घरपरिवारहरुलाई राहत उपलब्ध गराउने साथै सो उक्त क्षतिको विवरण जिल्ला विपद् व्यवस्थापन समिति समक्ष पेश गर्ने निर्णय गरियो ।

| वडा न. | पुनर्निर्माण गर्नुपर्ने / बस्न नमिल्मे घरहरुको सख्या | मर्मत गरी बस्न मिल्ने घरहरुको संख्या | सामान्य क्षति भएका घरहरुको संख्या | जम्मा | कै. |
|---|---|---|---|---|---|
| १ | ३० | ० | ० | ३० | |
| २ | १८ | ११६ | १३४ | २६८ | |
| ३ | ११ | ८ | १४ | ३३ | |
| ४ | १३६ | ३१५ | ३२४ | ७७५ | |
| ५ | १७ | १३६ | ४५ | १९८ | |
| ६ | ८१ | १९.७ | २५ | ३०३ | |
| ७ | २४ | ८२ | ० | १०६ | |

अनन्त कुमार गौतम
प्रमुख प्रशासकीय अधिकृत

जनकराज गौतम
नगर प्रमुख

| | | | | | |
|---|---|---|---|---|---|
| ८ | १२ | ४२ | ५५ | १०९ | |
| ९ | ३९ | ११४ | ११ | १६४ | |
| १० | ११ | २२ | ६ | ३९ | |
| ११ | १६ | ६२ | ० | ७८ | |
| १२ | ३४ | १२ | ४६ | ९२ | |
| | ४२९ | ११०६ | ६६० | २१९५ | |

**निर्णय नं. २:** मिति २०८०।०७।२१ गते बसेको जिल्ला विपद् व्यवस्थापन समिति सल्यानले जाजरकोट जिल्लालाई केन्द्र बिन्दु बनाई गएको भुकम्पका कारण जाजरकोट रुकुम र सल्यानमा हुन गएको भौतिक तथा मानविय क्षतिमा राहत तथा उद्दार कार्यका लागि एकद्वार प्रणाली मार्फत राहत वितरण गर्ने साथै सल्यान जिल्लाका सबै स्थानीय तहहरुले जिल्लास्थित विपद् व्यवस्थापन कोष खातामा २/२ लाख रकम जम्मा गर्ने भनि गरिएको निर्णयलाई अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं.३:** यस बागचौर नगरपालिका अन्तर्गत विभिन्न वडा कार्यालयबाट सिफारिस भइ आएका तपसिल बमोजिमका व्यक्तिहरुलाई देहाय बमोजिमको आर्थिक सहायता उपलब्ध गराउने निर्णय गरियो ।

| क्र.स. | नाम थर | वडा नं. | कारण | सहायता रकम रु. |
|---|---|---|---|---|
| १ | सम्मर बहादुर चन्द | वडा नं. ७ | क्यान्सर पिडित | २५ हजार |
| २ | मोहन वली | वडा नं.७ | पोष्टमार्टम खर्च | २५ हजार |
| ३ | बिबेक के.सि. | वडा नं.११ | पहिरो आई घर क्षति | १५ हजार |
| ४ | धनी बहादुर नेपाली | वडा नं.७ | घर भत्किको | १५ हजार |
| ५ | फौद बहादुर वली | वडा नं.९ | अविरल बर्षाले घर भत्किएको | १५ हजार |
| ६ | निर्मला बुढाथोकी भण्डारी | वडा नं. ७ | अविरल बर्षाले घर भत्किएको | १५ हजार |

**निर्णय नं. ४:** बागचौर नगरपालिका वडा नं. २, ७, ९ र १० मा नवनिर्मित वडा कार्यालय भवनहरु र वडा नं. ९ मा नयाँ स्थापना गरिएको शहरी स्वास्थ्य केन्द्रमा आवश्यक पर्ने फर्निचर लगायतका कार्यालय सामग्रीहरु प्रति वडामा २ लाखका दरले आ.व. २०८०।०८१ को रातो किताबको सि.नं. ६६ वडा कार्यालय र कार्यालयमा फर्निचर तथा फिक्चर्स शिर्षकबाट उपलब्ध गराउने निर्णय गरियो ।

अनन्त कुमार गौतम
प्रमुख प्रशासकीय अधिकृत

जनकराज गौतम
नगर प्रमुख

CamScanner

अनन्त कुमार गौतम
प्रमुख प्रशासकीय अधिकृत

जनकराज गौतम
नगर प्रमुख

**निर्णय नं. ५**: बागचौर नगरपालिका वडा नं.११ मा स्थापना भएको अस्थायी प्रहरी पोष्ट बाँफुखोलाको घरभाडा, उक्त पोष्टको मर्मत सम्भार गर्दा लागेको खर्च बिल भरपाई तथा सम्झौता बमोजिम भुक्तानी दिने सर्वसम्मत निर्णय गरियो ।

**निर्णय नं. ६**: मिति २०८० कार्तिक २१ गतेको बागचौर नगरपालिकाको प्राविधिक समितिको सिफारिस अनुसार तपसिल बमोजिमका निर्माण व्यवसायीहरुलाई 'घ' वर्गको ईजाजत पत्र प्रदान गर्ने निर्णय गरियो ।

| क्र.स. | कम्पनीको नाम थर | प्रोपाइटर | कै. |
|---|---|---|---|
| १ | .श्री कर्णाली वली कन्स्ट्रक्सन एण्ड सप्लायर्स, बागचौर न पा ७ चौफारी सल्यान | नेब बहादुर वली र शोभाराम वली | |
| २ | श्री अत्याधिक कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि. बागचौर न.पा. २ सल्यान | बालकृष्ण डि.सी. | |

**निर्णय नं. ७**: गत आ.व. २०७९।०८० अन्तरगत कार्यान्वयन भएका तपसिल बमोजिमका योजनाहरुको भुक्तानी हुन बाँकी रकम चालु आ.व. २०८०।०८१ को रातो किताबको म्याचिङ फण्ड शिर्षकबाट भुक्तानी दिने निर्णय गरियो ।
तपसिलः
१) अमर ज्योती मा.वी. चोरपानी वडा नं. ३ भवन निर्माण रु. १ लाख
२) न्यायघाट आ.वि. बानपा १ शिक्षक तलब भत्ता छुट रकम रु. १ लाख

**निर्णय नं. ८**: यस बागचौर नगरपालिका अन्तरगत तपसिल बमोजिमका नवनिर्मित वडा कार्यालय भवनको निर्माण हुन बाँकी कार्य सम्पन्न गरि वडा कार्यालयको सिफारिस,प्राविधिक लागत अनुमान लगायतको आवस्यक कागजात अनुसार भुक्तानि दिने निर्णय गरियो । उक्त भुक्तानी आगामी नगरसभामा अनुमोदन गर्ने निर्णय गरियो ।

| क्र.स. | वडा कार्यालय | निर्माण गर्नुपर्ने | कै. |
|---|---|---|---|
| १ | वडा नं. २ | ग्रिलको काम र फिल्ड | |
| २ | वडा नं. ७ | सेफ्टि ट्याङ्की, ग्रिल र शौचालय | |
| ३ | वडा नं. ९ | ग्रिल | |
| ४ | वडा नं. १० | सेफ्टि ट्याङ्की, ग्रिल र शौचालय | |

अनन्त कुमार गौतम
प्रमुख प्रशासकीय अधिकृत

जनकराज गौतम
नगर प्रमुख

CamScanner